गण्डकी प्रदेश सरकार

# सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय

पोखरा, नेपाल


पत्र संख्या : ०८१/०८२

चलानी नं.: १०१४

प्रथम पटक प्रकाशित मितिः२०८१/११/०१

विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयवाट चालु आ.ब. २०८१।०८२ मा गण्डकी प्रदेशका संग्रहालयहरुलाई प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय र माताहतका कार्यालयहरुवाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्वयन मापदण्ड, २०८१ बमोजिम मापदण्डमा उल्लिखित आवश्यक कागजातहरु सहित मिति २०८१ फागुन २१ गते भित्र यस मन्त्रालयमा प्रस्ताव सहितको फाइल पेश गर्न सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क स | कार्यक्रम | प्रस्तव पेश गर्न पाउने संस्था |
|---|---|---|
| १ | गण्डकी प्रदेशका संग्रहालयहरुलाई प्रोत्साहन अनुदान | प्रचलित कानुन वमोजिम दर्ता भई गण्डकी प्रदेश भित्र सञ्चालनमा रहेका सामुदायिक तथा सार्वजनिक संग्रहालयहरु |

यस सम्बन्धी थप जानकारी, प्रस्तावनाको ढाँचा र प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरु तथा मुल्याङ्कनका आधारहरु सामजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेश पोखराको वेभसाइट mosd.gandaki.gov.np मा रखिएको "सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र माताहतका कार्यालयहरुवाट सञ्चालन हुने शिक्षा भाषा संस्कृति र पुरातत्व संरक्षण सम्वन्धी स्वीकृत कार्यक्रम तथा वजेट कार्यान्यन मापदण्ड, २०८१" वाट प्राप्त गर्न सकिनेछ। मापदण्डमा तोकिए वमोजिम कागजात पूरा नभएका फाइलहरु प्रस्ताव मुल्याङ्कन प्रक्रियामा समावेस गरिने छैन्। मापदण्डमा तोकिएका कागजातका साथै कार्यक्रम अनुसार निम्न कागजातहरु पेश गर्नु पर्नेछ।

**प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः**

क) अनुसूची-१६ को ढाँचामा लागत अनुमान सहितको प्रस्तावपत्र
ख) कार्यक्रम माग सम्बन्धी संग्रहालय व्यवस्थापन समितिको निर्णय
ग) संस्था दर्ता र नवीकरणका प्रमाणित प्रतिलिपि
घ) कार्यकक्रमका लागि सम्बन्धित स्थानीय तहको सिफारिस
ङ) कार्यक्रममा दोहोरोपन नपरेको सम्बन्धमा स्वःघोषणा
च) स्थानीय तह, संघ सस्था वा कुनै निकायहरुसँग साझेदारी हुने भएमा सोको प्रतिवद्धता

भोजराज न्यौपाने
उपसचिव
उप सचिव


phone no. 061-467914 E-mail- mosdgedu@gmail.com